# सर्दुखोला पुल देखी चिण्डे डाँडाको यात्रा

धरानको जिरो पोईन्ट बाट ६०० मि. दुरीमा रहेको सर्दुखोला पूल र सोही पूल पार गरी ३.५ कि.मि. दुरीमा रहेको पर्यटकीय स्थल चिण्डे डाँडामा आजभोलि चहलपहल बढेको छ । धरान बाट नजिकै थोरै समयमा त्यँहा पुगी धरान लगायत चारकोशे झाडी तथा तराईको रमणीय स्थलहरु र कोशी नदीको दृष्यावलोकन गर्न सकिन्छ । अझ त्याँहा बाट प्याराग्लाडिङ्ग मा उडी हिमाल देखि तराई सम्मको अतिनै मनमोहक दृष्यावलोकन गर्न पाईन्छ ।

भर्खेरै दुध दोएर आउनुभएको ६१ बर्ष को स्थानीय जंगदिप राई धेरै अगाड ख कृषि पेशा तथा बिगत १० बर्ष देखी पसल गर्दै आउनु भएको छ र उहाँले पूल बनिसके पछीको अनुभव सुनाउनु हुन्छ । उहाँ *भन्नुहुन्छ "यसपाली स्थानीय पर्यटक हरुको आगमनमा बर्षा लागेता पनी केही फरक परेको छैन । बिरामी पर्दा बर्षा याममा बिरामी बोकेरे लान्थ्यौ नि हामी, सारै सास्ती भोग्नु परेको थियो । सर्दुखोला पूल देखी चिंडे डाँडाको यात्रा सहज मात्र हैन यो बाटो त बिष्णुपादुका मन्दिर तथा धनकुटा जिल्ला को साँधुरी गढी गाँउपालीका वडा नं. ९ र १० को प्रमुख बाटो बन्ने भएको छ । पहिला मेरो पसल मा सामानहरु किन्ने मान्छे निकै हुन्थो । अब त मान्छे हरु ले सामान आ-आफ्नो बाईकमा कि त टेम्पो मा ल्याउन थालेका छन् त्याहाँ बाट ल्याउन अलि सस्तो पर्छ । अचेल मेरो दुई नातिनि लाई बाईकमा विद्यालय पुऱ्याउने गरेका छु । पोहर साल सम्म म आफै यो दुध ४५ मिनेट हिडेर पुऱ्याउथे अहिले त मेरो छोराले बाईकमा पुऱ्याने भएकोले निकै सजिलो भएको छ ।"*



*फोटो १: स्थानीय कृषक जंगदिप राई*

सर्दुखोला पूल देविगाँउ मा आ.व. ०७८/७९ मा पूल निर्माण कार्य सम्पन्न भएपछी भने स्थानीयको केही आश पलाएको छ । वर्षा याममा हरियाली हुन थालेपछि पर्यटक हरुको संख्या मा केही कमी भएको छैन । पर्यटकहरु पिकनिकमा, घुम्न तथा प्याराग्लाडीङ्ग का लागी देशको विभिन्न ठाँउ बाट आउने गरेका छन् । पौराणीक बिष्णुपादुका मन्दिर जान यही बाटो प्रयोगमा आउन थालेको छ । बन्द भएको जिप लाईन समेत संचालनमा आउने तयारी रहेको छ ।



*फोटो २: सर्दु खोला पूल, देवि गाँउ*

बर्षा याममा नै हो अझ राम्रो दृष्य देखिने तर यही बेला नै खोलाको कारणले बाटो छेक्दा भने झोलुङ्गे पुलबाट हिड्नु पर्ने थियो । यहाँ प्राथमिक विद्यालय मात्र भएकोले छोराछोरी हरु धरानमा नै कोठामा

राखेर कि त एक घण्टा हिडेर जानु पर्ने बाध्यता थियो अहिले भने  बाईकमा र टेम्पोमा घरबाट नै पुऱ्याउन सजिलो भएको छ । अलि माथिकाहरु लाई त दुई घण्टा सम्म लाग्छ । वर्षा याममा धरान बाट दैनिक उपभोग्य सामान र यहाँ उत्पादन भएको अदुवा, बेसार, अमृसो तथा अन्य बाली बजार सम्म पऱ्याउन सजिलो भएको छ । खोला वारी बाख्रा पालन फर्म, कुखुरा फर्म, कृषि फर्म र फलफूल फर्म निकै रहेको हुदा दाना, चारो ढूवानी गरी ल्याउन तथा उत्पादन भएको बजार सम्म पुऱ्याउन गारो थियो ।

बिगत ९ बर्ष देखी होटल संचालन गर्नु भएको सम्झना राई भन्नु हुन्छ *''एक समय एकदमै चर्चामा आएको यस चिंडे डाँडा यो पूलको अभावले ओझेलमा परेको थियो । हाल भने चलपल बढ्न थालेको छ । अझ प्रचार प्रसार भएमा पर्यटकको घुईचो लाग्ने थियो । निर्माण सामाग्री, गिटि  बालुवा  सिमेन्ट तथा अन्य उपभोग्य सामान हरु त अहिले यही सम्म आईपुग्छ । बाईक र टेम्पो के बर्षा के हिउद सरर आउने गरेको छ । अचेल बर्षा भरि निकै टेम्पो पनि कुद्न थालेको छ यहाँ ।*



*फोटो ३: होटल व्यवसायी सम्झना राई*

पूर्वाधार विकास कार्यालय मोरङ्ग बाट यस धरान उपमहहानगरपालीका वडा नं. १३ र २० को सिमाना देवी गाँउ मा रहेको धरान देवी गाँउ चिंडेडाँडा प्रादेशिक मार्ग को सर्दुखोला पुल २०७६ माघ २० गते सम्झौता भई २०७८ साल माघ १६ गत्ते कुल लागत ५,६६,८२,७१२ मा सम्पन्न भएको हो । ९.९ मिटर चौडाई रहेको यस पूल को जम्मा लम्बाई ७६.३० मि. रहेको छ ।

असोज २०८०
माधब बहादुर माझी
प्रादेशिक सडक पूल सहयोग ईकाई
कोशी प्रदेश